**१८. दुर्घटना बिमा व्यवस्थाः-** दमकल, एम्बुलेन्स र गाउँबस सञ्चालनको काममा तोकिएका कर्मचारीको लागि कार्यालयले दुर्घटना बीमा गराउनेछ ।

**१९. निर्णय गरी खर्च गर्नु पर्नेः-** कार्यालयले स्वीकृत कार्यक्रम अन्तर्गत कुनै कार्यक्रम, तालिम, गोष्ठी आदि सञ्चालन गर्दा सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम अधिकार प्राप्त अधिकारीबाट निर्णय गरेर मात्र सञ्चालन गर्नु पर्नेछ । अधिकार प्राप्त अधकारीको स्विकृति बेगर गरेको खर्च भुक्तानी गरिने छैन ।

## अनुसूची १

## नियम ९ को उपनियम (१) सँग सम्बन्धित

कर्मचारीको लागि मासिक इन्धन सुविधा

इन्धन

| क्र.स. | तह/पद | (पेट्रोल/डिजेल लि.) |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत (चारपाङ्ग्रे) | १०० |
| २ | प्रमुख प्रशासकीय अधिकृत (दुईपाङ्ग्रे मोटरसाईकल) | ३० |
| ३ | अधिकृतस्तर (६ औं र ७ औं) (मोटरसाइकल/स्कुटर) | १५ |
| ४ | सहायकस्तर (मोटरसाइकल/स्कुटर) | १२ |
| ५ | सहयोगीस्तर (मोटरसाइकल/स्कुटर) | ७ |
| ६ | प्राविधिक\पूर्वाधार र योजना अनुगमन तथा मूल्याङ्कन शाखामा कार्यरत कर्मचारीहरूका लागि माथि उल्लेखित परीमाणका अतिरिक्त आवश्यक परे बढीमा थप | १० |

<u>इन्धन सुविधा पाउने आधारहरुः-</u>

१. पदाधिकारी र कर्मचारीको लागि कार्यालयले उपलब्ध गराएको वा आफ्नै गाडी वा मोटरसाइकल हुनुपर्नेछ ।

